नरैनापुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नरैनापुर, बाँके

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८२/०८३ (आर्थिक प्रशासन शाखा)

च.नं.:

मिति !- २०८३।०२।०६

**सूचना प्रकाशन सम्बन्धमा**

प्रथम "माननीय कप क्रिकेट प्रतियोगिता" मिति २०८३/०२/१८ गतेदेखि नरैनापुर गाउँपालिका क्षेत्रमा सञ्चालन हुने भएकोले प्रतियोगितामा सहभागी हुन इच्छुक गाउँपालिका भित्रका वडा स्तरीय टिम, युवा क्लब, खेलकुद संस्था तथा क्रिकेट समूहहरुलाई निर्धारित समयभित्र आफ्नो टिम दर्ता गराउन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रतियोगितामा सहभागी हुन चाहने टिमहरुले टिम दर्ता फाराम, खेलाडीहरुको विवरण, नागरिकता वा परिचय खुल्ने कागजात तथा आयोजक समितिले तोकेको आवश्यक विवरण सहित मिति २०८३/०२/१५ गतेभित्र आयोजक समितिको कार्यालयमा उपस्थित भई टिम दर्ता गराइसक्नुपर्नेछ। निर्धारित समयपछि प्राप्त हुने निवेदन वा दर्ता स्वीकार गरिने छैन।

प्रतियोगितामा प्रत्येक टिमले आयोजक समितिद्वारा निर्धारण गरिएको खेल नियम तथा आचारसंहिता अनिवार्य रुपमा पालना गर्नुपर्नेछ। खेल तालिका, खेल सञ्चालन विधि, अम्पायर सम्बन्धी व्यवस्था, पुरस्कार, अनुशासन तथा अन्य आवश्यक मापदण्ड सम्बन्धी विस्तृत जानकारी आयोजक समितिबाट उपलब्ध गराइनेछ।

उक्त प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने टिम तथा खेलाडीहरुलाई नगद पुरस्कार, ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिने व्यवस्था रहेकोछ। प्रतियोगिताले गाउँपालिका भित्र खेलकुदको विकास, युवाहरुमा आपसी सद्भाव तथा अनुशासन अभिवृद्धि गर्नुका साथै स्थानीय प्रतिभाको पहिचान र प्रोत्साहनमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

तसर्थ, प्रतियोगितामा सक्रिय सहभागिताका लागि सम्बन्धित सम्पूर्ण वडा, क्लब तथा खेलप्रेमी महानुभावहरुलाई हार्दिक अनुरोध गरिन्छ !!

सम्पर्क व्यक्ति !- खेल प्रशिक्षक हरी पाण्डे (९८४८०३३६८९)

2083-02-07

............................

प्रदीप कुमार यादव

नि. प्रमुख प्रशासकीय अधिकृत

info@narainapurmun.gov.np, ito.narainapurmun@gmail.com
+977 - 9858067361
www.narainapurmun.gov.np
www.facebook.com/narainapurmun
www.twitter.com/narainapurmun

CamScanner